आज मिति २०८२ साल भाद्र १ गते आईतबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८२/०८३ को दोस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

उपस्थितिः

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका – २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका – ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका – ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका – ५

का. पा. .सः श्री किप्पा थोका

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

वरिष्ठ सहायक श्री प्रेम प्रसाद खनाल

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. नियुक्ती तथा पदस्थापन सम्बन्धमा ।

२. वस्ती संरक्षणका लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने सम्बन्धमा ।

३. विविध ।

## निर्णयहरू:

### निर्णय नं. १

लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको बढुवा सूचना नं. ५४/०८१-८२(स्थानीय सेवा) अनुसार स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, इन्जिनियर/सातौं तहमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८२/०४/१३ को निर्णयानुसार सिफारिस हुनुभएका एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, नेपालको प.सं. क.प्र./२०८१/८२, च.नं. १६९, मिति २०८२/०४/२६ गतेको पत्रानुसार स्थानीय सेवा तर्फ बढुवा नियुक्ति तथा पदस्थापनको लागि सिफारिस भइ आउनुका टोखा न.पा. वडा नं.-२ काठ्माण्डौं स्थायी निवासी श्री बिजेन्द्र श्रेष्ठले यस कार्यालयमा नियुक्ती र पदस्थापनका लागि दिनु भएको निवेदन माथी छलफल गरी बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम यस कालिका गाउँ कार्यपालिका, धैबुङ्ग, रसुवाको स्विकृत संगठन संरचना तथा दर्वन्दी तेरिज अनुसार निज बिजेन्द्र श्रेष्ठलाई पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन (प्राविधिक) शाखाको अधिकृतस्तर सातौं तह (प्राविधिक), स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, इन्जिनियर पदमा रहने गरी बढुवा नियुक्ति र पदस्थापना गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

कालिका गाउँपालिकाको विभिन्न क्षेत्रमा मिति २०८२ असार २४ गते र तत् पश्चातको विभिन्न मितिमा आएको वाढी तथा पहिरोबाट क्षती भै मानव वस्ती नै जोखिम पूर्ण अवस्थामा पुगेका, घरवस्ती समेत स्थानान्तरण गर्नुपर्ने साथै तत्काल वसोवासका लागि अस्थायी संरचनाहरु निर्माण गर्नुका साथै राहत सहयोग गर्नुपर्ने तपशिलका स्थानहरुका विपद् पिडित परिवारलाई गाउँपालिकाको तर्फबाट तत्काल राहत तथा अस्थायी वसोवासको व्यवस्थापन गरिएको व्यहोरा जानकारी गराउँदै उक्त क्षेत्रहरुमा वस्ती संरक्षणका कार्यहरु गर्नुपर्ने आवश्यकता देखिएको र गाउँपालिका स्रोतबाट सम्भावना नदेखिएकोले तत्काल मानव जीवन रक्षा गर्नुपर्ने कार्य गाउँपालिकाबाट भएकोले वस्ती संरक्षणका लागि प्रदेश सरकार र संघिय सरकारका सम्बन्धित निकायमा आवश्यक पहल तथा सिफारिस गरिदिन जिल्ला विपद् व्यवस्थापन समिति, धुन्चे, रसुवालाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र. सं. | वस्ती संरक्षण आयोजना तथा कार्य | ठेगाना | गाउँपालिकाबाट भएको सहयोग तथा पहल |
|---|---|---|---|
| १ | त्रिशुली नदि किनाराको बाँदरे वस्ती संरक्षण तथा खोला नियन्त्रण | कालिका-१, रसुवा | २०८२ असार २४ गते चिनको स्वशासित क्षेत्र तिब्बतबाट लेन्देखोलामा आएको बाढीका कारण ३ घरधुरी पूर्ण रुपमा विस्थापित भै तत्काल अस्थायी वसोवासको व्यवस्थापनका लागि गाउँपालिकाबाट जनही रु. १५,०००।- उपलब्ध गराईएको । |
| २ | डि-खेत वस्ती संरक्षण | कालिका-३, रसुवा | पहिरोका कारण ६ घरधुरी जोखिममा परेको र ३ घरधुरीमा वसोवास गर्न उच्च जोखिम भएकाले अस्थायी टहरा निर्माणका लागि गाउँपालिकाबाट सहयोग भएको छ भने गाउँपालिकाबाट प्लाष्टिक उपलब्ध गराई पानी तर्काउने कार्य भएको । |
| ३ | धारापानी बडाल वस्ती संरक्षण | कालिका-३, रसुवा | पहिरोका कारण ३ घर जोखिममा परेकोले गाउँपालिकाबाट प्लाष्टिक उपलब्ध गराई पानी तर्काउने कार्य भएको । |
| ४ | रुप्सेपानी पौडेल टोल वस्ती संरक्षण | कालिका-३, रसुवा | नव निर्मित सडकको नालीबाट बगेको भलका कारण कटान हुँदा ३/४ घर पहिरोको जोखिममा परेकोले गाउँपालिकाबाट प्लाष्टिक उपलब्ध गराई पानी तर्काउने कार्य भएको । |

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७२